# कृषि विकास बैंक लिमिटेड
# AGRICULTURAL DEVELOPMENT BANK LIMITED

**नेपाल राष्ट्र बैंकबाट “क” वर्गको इजाजत प्राप्त संस्था**

मुख्य कार्यालय रामशाहपथ, काठमाडौं, नेपाल, फोन नं. : ०१-४२५२३५९/४२६४०१६ फ्याक्स नं. ०१-४२६३९२९
e-mail: info@adbl.gov.np, URL : www.adbl.gov.np

## शेयरधनी महानुभावहरुलाई अत्यन्त जरुरी सूचना

कृषि विकास बैंक लिमिटेडको मिति २०७९/१२/१४ गते सम्पन्न १६औं बार्षिक साधारण सभाबाट पारित भएको ११ प्रतिशत नगद लाभांश मिति २०७९/११/२९ गतेसम्म आफ्नो हितग्राहि खातामा बैंक खाता समेत अद्यावधिक गराउनु भएका शेयरधनीहरुको हकमा सम्बन्धित बैंक खातामा नै जम्मा भइरहेको तथा उक्त मिति पश्चात् बैंक खाता अद्यावधिक गर्ने शेयरधनीहरुको पनि तत्पश्चात क्रमशः बैंक खातामा नै नगद लाभांश जम्मा गरिने व्यहोरा जानकारी गराउँदछौं ।

तसर्थ आफ्नो शेयर प्रमाणपत्र हालसम्म अभौतिकिकरण (डिम्याट) नगर्नु भएका यस बैंकका शेयरधनी महानुभावहरुले यथाशीघ्र आफूले डिम्याट खाता खोलेको सम्बन्धित निक्षेप सदस्य (डिपि) मा सम्पर्क गरी आफ्नो शेयर प्रमाणपत्र अभौतिकिकरण गरि नेपाल क्लियरीङ्ग हाउस अन्तर्गत IPS सदस्यता प्राप्त कुनै पनि बैंक तथा वित्तीय संस्थामा रहेको आफ्नो खाता नम्बर सहितको विवरण अद्यावधिक गराउनु हुन अनुरोध गर्दछौं । यदि शेयरधनीले उपलब्ध गराएको बैंक खाताको विवरण गलत भई अरुको नाममा लाभांश रकम जम्मा भएमा सोको जिम्मेवार सम्बन्धित शेयरधनी स्वयम् हुनेछ ।

साथै यस बैंकको शेयर मिति २०७९/११/२९ गते (दाखिल खारेज बन्द भएको अघिल्लो दिन) सम्म धितो राखेका शेयरधनी महानुभावहरुले सम्बन्धित बैंक/वित्तीय संस्थाको स्वीकृति पत्र (No objection letter) उपलब्ध गराए पश्चात् मात्र बैंक खातामा नगद लाभांश जम्मा गरिने र सो मिति पश्चात् कर्जा चुक्ता भुक्तान गर्नु भएका शेयरधनीहरुको हकमा सम्बन्धित बैंक/वित्तीय संस्थाको फुकुवा पत्र (Release letter) प्राप्त भए पश्चात् मात्र नगद लाभांश जम्मा गरिने व्यहोरा अनुरोध गर्दछौं ।

माथी उल्लेखित मितिसम्म बैंक खाताको विवरण डिम्याट खातामा उपलब्ध गराउँदा त्रुटि हुन गई नगद लाभांश प्राप्त नगर्नु भएका शेयरधनीहरुको विवरण यस बैंकको शेयर रजिष्ट्रारको वेवसाइट "www.niblcapital.com" मा राखिएकोले उक्त विवरण आ-आफ्नो निक्षेप सदस्यमा सम्पर्क राखि सच्याउन हुन अनुरोध गर्दछौं ।

***द्रष्टब्य:*** यस बैंकको विभिन्न साधारण सभाहरुबाट पारित भएको बोनस शेयर र नगद लाभांश समेत लिन बाँकी रहनु भएका शेयरधनी महानुभावहरुले यस बैंकको शाखा कार्यालयहरु तथा शेयर रजिष्ट्रार एनआइबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौमा सम्पर्क गरी लिन आउनु हुन समेत अनुरोध गर्दछौं ।

NIBL ACE CAPITAL
Managing shares. Managing investments.
wholly owned subsidiary of NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**शेयर रजिष्ट्रारको पुरा नाम र ठेगाना**

**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४४२५२८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com

मिति २०८०/०१/०७ गते कारोबार दैनिकमा प्रकाशित गर्ने ।